# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या १२, मिति २०८१ चैत्र २७ गते

## भाग-२

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

बौदीकाली गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु बीच पढाइका कतिपय विषयलाई प्रयोगात्मक रुपमा अभ्यास गर्न र उनिहरुमा उद्यमशीलता, स्वावलम्बन,प्राविधिक सीप तथा व्यवसायिक सोंचको विकास गरी आत्मनिर्भर गराउन तथा भविष्यमा व्यावसायिक रुपमा कार्य गर्न सक्षम नागरिक तयार गर्न तथा गरिबीका कारण बीचमै पढाई छाड्ने प्रवृत्ति हटाउनको लागि विद्यालय मार्फत आयआर्जनको अवसर प्रदान गरी सिक्दै कमाउदै कार्यक्रम सरल, सहज र प्रभावकारी तरिकाले कार्यान्वयन गर्न बाञ्छनीय भएकोले बौदीकाली गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ६२ अनुसार बौदीकाली गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **'सिक्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि– २०८१'** रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) **'गाउँपालिका'** भन्नाले बौदीकाली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **'कार्यपालिका'** भन्नाले बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ|

(ग) **'अध्यक्ष'** भन्नाले बौदीकाली गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **'वडाध्यक्ष'** भन्नाले बौदीकाली गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) **'वडा समिति'** भन्नाले ६ वटै वडाको निर्वाचित जनप्रतिनिधिको समितिलाई सम्झनु पर्दछ।

(च) **'शिक्षा शाखा'** भन्नाले बौदीकाली गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(छ) **'विद्यालय'** भन्नाले कार्यक्रम सञ्चालन भएका विद्यालय सम्झनु पर्दछ ।

(ज) **'प्रधानाध्यापक'** भन्नाले बौदीकाली गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य**

(क) शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी विद्यार्थीहरुलाई भविष्यमा उद्यमी, व्यवसायिक, सीपयुक्त र स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउनु,

(ख) गरिबीको कारण विद्यालय तहको सिकाइमा समस्यामा परेका बालबालिकालाई आयमूलक कार्य गरी पढ्न पाउने उपयुक्त वातावरण तयार गर्नु,

(ग) विद्यालयमा उत्पादन तथा सेवा इकाइको स्थापना गरी सो इकाइलाई शिक्षक/प्रशिक्षक एवम् विद्यार्थीको सहभागितामा सञ्चालन गरी आय आर्जन केन्द्रको रुपमा स्थापित गर्नु,

(घ) पाठ्यक्रममा आधारित सिकाइसँगै वस्तु वा सेवाको उत्पादनमा विद्यार्थीहरुलाई संलग्न गराई श्रमप्रति अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहन गर्ने,

(ङ) पाठ्यक्रममा आधारित हुने गरी सिकाइसंगै श्रमप्रति सम्मानको भाव विकास गर्दै स्वरोजगार र उद्यमशिल हुन प्रोत्साहित गर्नु |

**४. कार्यक्रम सञ्चालन हुने क्षेत्रः**

(१) बौदीकाली गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमध्येबाट कार्यक्रम सञ्चालन गर्न छनोट भएका विद्यालयमा कार्यक्रम सञ्चालन हुनेछ ।

(२) कार्यक्रमको समयावधि सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद – २
## विद्यालय छनोट र अनुदान निर्धारण

**५. सूचना प्रकाशन तथा प्रस्ताव पेशः**

(१) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोटको लागि गाउँपालिकाले कम्तिमा ७ सात दिनको म्याद दिई प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्नेछ

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा सहभागी हुन इच्छुक  विद्यालयले अनुसूचि १ बमोजिमको ढाँचामा तोकिएको म्यादभित्र वडा शिक्षा समितिको सिफारिस सहित शिक्षा शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्न चाहने विद्यालयले देहाय बमोजिमको आधारहरु पुरा गरेको हुनुपर्नेछ ।

(क) कार्यक्रम सञ्चालनको लागि माध्यमिक विद्यालय भएमा कम्तिमा १०० जना विद्यार्थी र आधारभूत विद्यालयको हकमा कम्तिमा ५० जना विद्यार्थी भएको ।

(ख) स्थानीय हावापानी भुगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव भएको ।

(ग) कार्यक्रममा सहभागी हुने कम्तिमा ३० जना विद्यार्थीको प्रतिवद्धता ।

(घ) विद्यालय शिक्षक स्टाफ तथा विद्यालय व्यवस्थापन समितिको कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता ।

**६. प्रस्तावको मूल्याङ्कन तथा सिफारिस-**

(१) शिक्षा शाखाले कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट पेश भएका प्रस्तावलाई मूल्याङ्कन तथा प्राथमिकता निर्धारण गर्नेछ ।

(२)उपदफा (१) बमोजिमको प्रस्तावको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण अनुसूची-२ मा उल्लेख गरिएको आधार बमोजिम हुनेछ ।

(३) शिक्षा शाखाले प्राप्त प्रस्ताव उपर उपदफा (१) र (२) बमोजिम मूल्याङकन गरी प्राथमिकताक्रमका साथ छनोटका लागि शिक्षा समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

**७. विद्यालय छनोट तथा अनुदान निर्धारण**

(१) शिक्षा समितिले दफा ६ बमोजिम प्राथमिकता क्रमका साथ सिफारिस भई आएका विद्यालयहमध्येबाट कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोट गर्नेछ ।

(२) शिक्षा शाखाले उपदफा (१) बमोजिमको छनोटको जानकारी सम्बन्धित वडा र विद्यालयलाई दिनेछ ।

(३) विद्यालयको लागि प्रदान गरिने अनुदान रकम निर्धारण गर्दा स्वीकृत बजेट, विद्यालयमा सञ्चालन हुने कार्यक्रमको प्रकृति तथा कार्यक्रम संख्या, कार्यक्रममा सहभागी हुने विद्यार्थी संख्या र विद्यालयको आवश्यकता समेतलाई आधार मानिनेछ ।

**८. अनुदान निकासा सम्झौता तथा कार्यक्रम कार्यान्वयन-**

(१) कार्यक्रम सञ्चालनको लागि छनोट भएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रम सम्झौता प्रश्चात शुरुमा ५० प्रतिशत रकम विद्यालयमा ससर्त अनुदानको रुपमा निकासा गरिनेछ। बाँकी रकम विद्यालयको कार्य प्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

(२) गाउँपालिकाले छनोट भएका विद्यालययसंग सम्झौता गरी अनुदान रकम निकासा गर्नेछ|

(३) कार्यक्रमको कार्यप्रगति तथा उपलब्धिको आधारमा बाँकि रकम विद्यालयलाई उपलब्ध गराइनेछ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन क्षेत्र र कृयाकलाप

**९. अनुदान उपलब्ध गराईने क्षेत्र**

कार्यक्रम सञ्चालनको लागि छनोट भएका विद्यालयले पेश गरेका प्रस्ताव तथा आवश्यकताको आधारमा देहाय बमोजिमको क्षेत्रमा रकम उपलब्ध गराइनेछ ।

(क) कृषि व्यवसाय

(ख) पशुपंक्षी पालन

(ग) मौरी पालन, माछा पालन, च्याउ खेती,

(घ) घरेलु प्रयोजनका लागि निर्माण गरिने सामग्रीहरुः

(घ१) डोको, डालो लगायत बाँसका सामग्रीहरु,

(घ२) कुर्चि, टेबल लगायत बेतबाँस जन्य सामग्रीहरु,

(घ३) झोला, पोशाक लगायत सिलाई बुनाइका सामग्रीहरु,

(घ४) अन्य सामग्रीहरु,

(ङ) तरकारी खेती,

(च) अन्य व्यावसायिक प्रयोजनका कार्यहरु ।

**१०. अनुदान रकम खर्च सम्बन्धी व्यवस्था**

(१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयले कार्ययोजना सहितको प्रस्ताव र गाउँपालिकासंग भएको सम्झौताको अधिनमा रही देहायका शिर्षकमा अनुदान रकम खर्च गर्न सक्नेछ |

क. उत्पादन तथा सेवा इकाइ संचालनका लागि विद्यालयको स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा उत्पादनमुलक प्रकृतिको संरचना तयार गर्न,

ख. उत्पादन तथा सेवा इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरिद गर्न र कार्यस्थलमा सम्बन्धित प्रयोगशाला स्थापना गर्न,

ग. सिक्दै कमाउंदै कार्यक्रमको उद्देश्य अनुरुप विद्यालयको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीले आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गर्न,

घ. शिक्षा शाखाबाट प्राप्त अनुदान रकमलाई बिउ पुँजीका रुपमा राख्नुपर्नेछ । विद्यार्थीबाट उत्पादित वस्तु विक्री पश्चात बिउ पुँजीको मूल अनुदान रकममा नघट्ने गरी शोधभर्ना गरेर मात्र विद्यार्थीलाई मुनाफा वितरण गर्नुपर्नेछ ।

ङ. उत्पादित वस्तुको विक्री पश्चात उत्पादन लागत छुट्याई बाँकी रकमको ८० प्रतिशत सम्बन्धित विद्यार्थीहरुलाई वितरण गर्ने र २० प्रतिशत रकम कार्यक्रम संचालन तथा व्यवस्थापन कोषमा जम्मा गरी आवश्यक कार्यमा मात्र खर्च गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाबाट अनुदान प्राप्त गरी सम्झौता बमोजिम उत्पादन नगर्ने विद्यालयले निकासा भएको बजेट गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।

३. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइनेछैन ।

## परिच्छेद – ४

## सम्बद्ध निकायको भूमिका

### ११. शिक्षा शाखाको भूमिका

(१) शिक्षा शाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. कार्यक्रम कार्यान्वयन गर्न कार्ययोजना स्वीकृतिका लागि शिक्षा समितिमा पेश गर्ने,

ख. विद्यालय छनोटको प्राथमिकता निर्धारण गरी शिक्षा समितिमा पेश गर्ने,

ग. शिक्षा समितिबाट कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको बैंक खातामा बजेट निकासा गर्ने,

घ. उत्पादित बस्तुको बजारीकरणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

ङ. कार्यक्रम कार्यान्वयनका लागि विद्यालयलाई आवश्यक पर्ने थप स्रोतका लागि पालिकामा पहल गर्ने,

च. कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित वडा र विद्यालयसंग समन्वय गर्ने,

छ. कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने गराउने,

ज. कार्यक्रम अनुगमन मुल्यांकन गर्ने गराउने र सोको प्रतिवेदन शिक्षा समितिमा पेश गर्ने,

**१२. विद्यालयको भूमिका**

(१) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ।

क. पालिकाबाट सिक्दै कमाउदै कार्यक्रमको लागि प्राप्त रकम उत्पादनमुलक कार्यमा मात्र लगानी गर्ने,

ख. विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफुल र अन्य वस्तु तथा सेवालाई दिवा खाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा विक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरु तथा संघ संस्थासंग तथा शाखा संग आवश्यक समन्वय गर्ने,

ग. आवश्यकता अनुसार उत्पादन तथा सेवा इकाइ गठन गरी विद्यालयका शिक्षक/प्रशिक्षकहरुमध्येबाट इकाइ संयोजक, उत्पादन प्रमुख र बजारीकरण प्रमुख तोकी नियमित प्रशिक्षण कार्यको अतिरिक्त उत्पादन तथा सेवा इकाइसंग सम्बन्धित कार्यहरु समेत गर्ने गरी जिम्मेवारी दिने,

घ. उत्पादन तथा सेवा इकाइ संचालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,

ङ. कार्यक्रमको मूल प्रवाहमा नआएका विद्यार्थीहरुद्वारा आफ्नै घर वा करेसाबारीमा उत्पादित बस्तुलाई समेत उत्पादन तथा सेवा इकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,

च. वस्तु तथा सेवा उत्पादन गर्नको लागि विद्यालयमा उपलव्ध जग्गा र प्राप्त श्रोतलाई उपयोगमा ल्याउने,

ज. कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या देखिएमा शाखामा सम्पर्क गर्ने,

झ. विद्यार्थीले गरेको आम्दानीको निश्चित अंशबाट कोषवृद्धि योजना बनाई लागु गर्ने ।

## परिच्छेद ५

## कार्यक्रमको अनुगमन तथा निरीक्षण

**१३. कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः**

(क) सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गाउँपालिकाका पदाधिकारीहरु, वडासमिति, शिक्षा शाखाका कर्मचारीहरु तथा गाउँपालिकाका अन्य कर्मचारीबाट हुन सक्नेछ ।

(ख) सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउने काम विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको हुनेछ ।

(ग) कार्यक्रम सञ्चालन भएका विद्यालयले ३/३ महिनामा कार्यक्रमको प्रगति प्रतिवेदन अनिवार्यरुपमा शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद – ६
## विविध

**१३. प्रचलित कानुनबमोजिम हुनेः**

(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि विद्यायलले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यक्रम गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परिक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन प्रतिकुल नहुने गरी गर्नुपर्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ग) यस कार्यक्रम सञ्चालनको क्रममा कूनै बाधा अड्काउ भएमा गाउँ कार्यपालिकाले सो बाधा अड्काउ पुकाउन सक्नेछ ।

## अनुसूची-१

सिक्दै कमाउँदै कार्यक्रममा अनुदान सहयोगको लागि विद्यालयले पेश गर्ने आवेदन फारम

### १. विद्यालयको विवरण

विद्यालयको नाम : ..........................................................................

विद्यालयको प्रकार (साधारण/प्राविधिक) : ..............................................

ठेगाना : ........................................................................................

टोल : ..........................    फोन नं. ................................................

इमेल : .....................................वेव साइट : ...................................

स्थापना मिति : .................विद्यालयको इमिस कोड : .............................

जम्मा विद्यार्थी संख्या :

### २. पूर्वाधार सम्बन्धी जानकारी

२.१ जग्गा सम्बन्धी विवरण

| क्र.स. | कित्ता नं. | क्षेत्रफ़ल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

३. देहायका शिर्षकमा औचित्य सहितको विवरण उल्लेख गर्नुहोला ।

क. विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आयआर्जन गर्न सम्भव देखिएका पेसा तथा उपर्युक्त पेशामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूची ।

.............................................................................................

ख. सिक्दै कमाउँदै कार्यक्रममा सहभागी हुने विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुन सक्ने वस्तु तथा सेवा र ती सामाग्रीको विक्री वितरणको सम्भाव्यता ।

...........................................................................................

ग. उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा विक्रिका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार/उपकरण मध्ये विद्यालयमा उपलव्ध हुने, खरिद गर्नुपर्ने तथा लिजमा लिन सकिने सम्बन्धी, खरिद गर्नुपर्ने भए सोको अनुमानित लागत समेत खुल्नुपर्ने ।)

.....................................................................................................

घ. प्रस्तावित वस्तु तथा सेवाको उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण । (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलव्ध हुने स्थान/प्राप्त गर्ने तरीका, विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनुपर्ने तथा उत्पादित वस्तु तथा सेवा विक्रिका लागि गर्नुपर्ने पहलहरु – विद्यालयबाटै विक्री हुने वा बजारको लागि विशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने )

.......................................................................................................

ङ. उल्लेखित कार्यक्रमका लागि स्थानीय समुदाय एवं अभिभावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय ।

.........................................................................................................

४. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा संचालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्य योजना आवेदनका साथ संलग्न राख्नुपर्नेछ ।

| | |
|---|---|
| नाम : ............................................ | नाम : ........................................ |
| हस्ताक्षर : ....................................... | हस्ताक्षर : .................................. |
| पद : प्रधानाध्यापक | पद : वि.व्य.स. अध्यक्ष |
| मिति : ........................................... | मिति : ...................................... |

<u>संलग्न कागजात</u>

क. वडा कार्यालयबाट वडा तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

ख. कार्यक्रम संचालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहित निर्णयको प्रमाणित प्रतिलिपि,

ग. कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण

घ. विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपि,

ङ. प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टि हुने थप आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि,

च. अन्य सम्बद्ध कागजातहरु ।

## अनुसूची-२
## विद्यालय छनोटका लागि मूल्यांकनका आधारहरु

### १. कार्यसम्पादनसँग सम्बन्धित सूचकहरू

| आधारहरु | अवस्था | अंक | अवस्था | अंक |
|---|---|---|---|---|
| १. यसअघि विद्यालयको आफ्नै पहलमा सिक्दै कमाउँदै सम्बन्धी कार्यक्रम संचालन वा यस प्रकारको अभ्यास | भएको | १० | नभएको | ० |
| २. प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | १० | नभएको | ० |
| ३. विद्यार्थी संख्या | प्रति कक्षा २० वा सो भन्दा बढी भए | १० | प्रति कक्षा १० भन्दा न्युन भए | ५ |
| ४. सम्बन्धित विषयको प्रयोगशाला/कार्य क्षेत्र फिल्ड भएको | भएको | १० | नभएको | ० |
| | | ४० | | ८ |

### २. पूर्वाधारसँग सम्बन्धित सूचकहरू

| सूचकहरू | अवस्था | अंक | अवस्था | अंक | अवस्था | अंक |
|---|---|---|---|---|---|---|
| क. उत्पादन गरेका वस्तु तथा सामाग्रीको लागि भण्डारणको उपलव्धता | उपलव्ध भएको | १५ | भाडामा लिएर उपलव्ध हुन सक्ने | ७ | थप निर्माण गर्नु पर्ने | ५ |
| ख. दरवन्दी वा अनुदान कोटाका शिक्षक प्रशिक्षकको उपलव्धता | पूर्ण उपलव्धता भएको | १० | ७५% उपलव्धता भएको | ५ | ७५% भन्दा कम उपलव्धता भएको | ३ |
| ग. वस्तु तथा सामाग्री उत्पादन तथा कार्यक्रम संचालनका लागि आवश्यक औजार | प्रयाप्त रुपमा उपलव्ध रहेको | १० | भाडामा लिन सम्भव भएको | ७ | उपलव्ध हुन सक्ने | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथा उपकरणहरुको विद्यमान अवस्था एवं प्रयोगको सम्भावना | | | | | | |
| | | ३५ | | १९ | | ८ |

३. <u>बजारीकरण सम्बन्धी सूचकहरू</u>

| सूचक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक |
|---|---|---|---|---|---|---|
| क. उत्पादनको विक्रीका लागि सम्भाव्य बजारको प्रकार | स्थानीय बजार | १० | अन्य बजार | ७ | | |
| ख. उत्पादनको बजारीकरणको प्रकृति | विद्यालयबाट नै विक्री हुने अवस्था रहेको | १० | बजारसम्म पुर्याउनुपर्ने | ५ | बजारका लागि विशेष पहल गर्नुपर्ने | ३ |
| ग. भौगोलिक तथा स्थानीय परिवेश सुहाउँदो व्यावसायिक क्रियाकलाप संचालन भएको अवस्था | भएको | ५ | आंशिक रहेको | ३ | न्युन मात्रामा रहेको | १ |
| | | २५ | | १५ | | ४ |

प्रमाणीकरण मिति : २०८१/१२/२७

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका